# कानेपोखरी गाउँपालिका
# Kanepokhari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
बयरवन, मोरङ / Bayarban, Morang

प्रदेश नं. १, नेपाल
Province No. 1, Nepal


## अपाङ्गता सहायता सहजकर्ता पदका लागि दरखास्त आव्हान गरिएको सूचना

(प्रकाशित मिति: २०७९/१०/०३ गते)

यस कानेपोखरी गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक पर्ने सम्पूर्ण सूचना तथा परामर्श सेवा प्रदान गर्नका लागि स्थापना गरिने अपाङ्गता सहायता कक्षका लागि प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा एकजना अपाङ्गता सहायता सहजकर्ताको पदपूर्ति गर्नुपर्ने भएकाले आवश्यक न्यूनतम योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकहरूबाट दरखास्त आव्हान गरिएको छ। यसका लागि तोकिएको दरखास्त फाराममा भर्नुपर्ने सम्पूर्ण विवरणहरु भरी पासपोर्ट साईजको फोटो १ प्रति टाँस गरी सोका साथ आफ्नो नेपाली नागरिकता, अपाङ्गता परिचय-पत्र र दरखास्त दिने पदको लागि तोकिएको अन्तिम शैक्षिक योग्यता प्रमाण-प्रत्रको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको बैंक भौचरको/राजस्व भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हाँसिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी यस कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय, बयरवन समक्ष पेश गर्नु पर्नेछ। रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन। साथै, प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरूको दरखास्त उपर कुनै कारवाही हुने छैन। झुट्टा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सोको जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ।

१. विज्ञापन नं.: ०५/२०७९/०८०
२. पद: अपाङ्गता सहायता सहजकर्ता (अपाङ्गता भएका व्यक्ति मात्रै)
३. माग संख्या: १ जना।
४. सेवाको किसिम: करार सेवा।
५. दरखास्त बुझाउने अन्तिम मिति: मिति २०७९/१०/१७ गतेको कार्यालय समयभित्र।
६. उम्मेद्वारको छनोट विधि: प्रत्यक्ष मौखिक अन्तर्वार्ता तथा अन्य विविध पक्षको मुल्याङ्कन।
७. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान: कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय, बयरवन, मोरङ।
८. परीक्षा दस्तुर: रू. ३००/- (तीनसंय रूपैयाँ मात्र)
९. परीक्षा दस्तुर बुझाउने प्रकृया: बैंक भौचर वा राजस्व तिरेको भौचर फारामसाथ पेश गर्नुपर्नेछ।
१०. परीक्षा सञ्चालन हुने मिति, समय, र स्थान:- दरखास्त फाराम भर्ने अन्तिम म्याद सकिएको दुई दिन भित्र यस कानेपोखरी गाउँपालिकाको सुचना पाटीमा टाँस गरिनेछ। साथै, वेब साइटमा समेत प्रकाशित गरिनेछ।
११. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार सहजकर्ता छनोट तथा सिफारिस समितिमा निहित रहनेछ।
१२. मासिक तलब: करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।
१३. आवश्यक न्यूनतम योग्यता:

(क)नेपाली नागरिक, (ख) अपाङ्गता भएका व्यक्ति, (ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट +२ वा सो सरह उत्तीर्ण गरेको, (घ) नैतिक पतन देखिन फोजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको, (ङ)अपाङ्गता सम्बन्धी कार्य गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थामा काम गरेको अनुभव भएको, कम्प्युटर सम्बन्धी तालिम लिएको, बहिरा नागरिकको लागि सांकेतिक भाषा दोभासे तालिम प्राप्त गरेको, स्थानीय अपाङ्गता भएको महिलालाई विशेष प्राथमिकता दिइनेछ।

२०७९/१०/०३

(सन्तोष घिमिरे)
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष घिमिरे
प्रमुख प्रशासकीय अधिकृत



CamScanner